Website: besishaharmun.gov.np
Email: info@besishaharmun.gov.np

# वेसीशहर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

योजना शाखा
वेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल

फ्याक्स न. ०६६-५२०२०४
फोन न. ०६६-५२०१५०

प.नं. ०७५/७६
च.नं. १४६९

मिति :-२०७५/१०/२८

**विषय :- सूचना सच्याइएको सम्बन्धमा ।**

यस कार्यालयबाट मिति २०७५/१०/१८ मा प्रकाशित फोहर राख्ने भाँडा खरिद सम्बन्धि दरभाउ-पत्रको सूचनाको शर्त नं. ४ मा जमानत बापत रा.बा.बैंक बेसीशहरको बैक जमानत पत्र (बैंक ग्यारेन्टी) भनिएकोमा यसलाई सच्याइ इजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको जमानत पत्र पेश गनुपर्नेछ भनी सच्याइएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

भीमप्रसाद तिवारी
प्रमुख प्रशासकीय अधिकृत

Website: besishaharmun.gov.np
Email: info@besishaharmun.gov.np

# वेसीशहर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

## योजना शाखा
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल

फ्याक्स न. ०६६-५२०२०४
फोन नं. ०६६-५२०१५०

प.नं. ०७५/७६
च.नं. १३५४

मिति :- २०७५/१०/१८

**विषय :- फोहर राख्ने भाँडा (Dust Bin) खरिद सम्बन्धि सिलबन्दि दरभाउ-पत्र आह्वानको सूचना ।**

प्रथम पटक प्रकाशित मिति :- २०७५/१०/१८

बेसीशहर नगरपालिका नगरकार्यपालिकाको निर्णय बमोजिम नगरक्षेत्रभित्रका बजारहरुमा फोहर संकलन तथा व्यवस्थापन गर्ने कार्यका लागि **फोहर राख्ने भाँडा (Dust Bin)** खरिद गर्नुपर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक रजिष्टर्ड फर्म, कम्पनी वा सप्लायर्सबाट निम्न लिखित शर्तहरुका अधिनमा रही आफ्नो फर्म/संस्था दर्ता/नविकरण प्रमाणपत्र, मु.अ.क. दर्ता प्रमाणपत्र/स्थायी लेखा प्रमाणपत्र, नागरिकताको प्र.प., स्वघोषणापत्र तथा आ.व. २०७४/०७५ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी सहित आवश्यक कागजातहरु संलग्न गरी रितपुर्वक पेश गर्न शिलबन्दी दरभाउ-पत्र आह्वान गरिएको छ ।

**देहाय**

| ठेक्का नं. | विवरण | न्युनतम लागत इष्टिमेट अङ्क मु.अ.क. समेत | दरभाउ-पत्र फाराम दस्तुर | दरभाउ-पत्र खरिद गर्ने अवधि |
|---|---|---|---|---|
| ०७५/०७६/०९ | SWING BIN 32Ltr. **(५०० गोटा)** | ९,०४,०००।०० | १०००। (एक हजार) | १५ दिन भित्र |
| | SQUARE SWING BIN 40Ltr **(५०० गोटा)** | | | |
| | Dust Bin मा टाँस्ने स्टिकर **(१००० गोटा)** | | | |

**शर्तहरु**

१. दरभाउ-पत्र फाराम यो सूचना प्रकाशित भएको मितिले १५ औं दिनसम्म रु.१०००। (एकहजार) मात्र (पछि फिर्ता नहुने) तिरी नगरपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।

२. शिलबन्दी दरभाउ-पत्र १६ औं दिन दिनको १२.०० बजे भित्र तोकिएको धरौटी सहित दर्ता गराइसक्नु पर्नेछ ।

३. दर्ता हुन आएका शिलबन्दी दरभाउ-पत्रहरु विभिन्न प्रतिनिधिहरुको रोहवरमा सोही दिनको २.०० बजे खोलिनेछ । दरभाउ-पत्रदाता वा नीजको प्रतिनिधि उपस्थित नभएमा दरभाउ-पत्र खोल्न बाधा पर्नेछैन ।

४. धरौटी बापत स्वीकृत लागत अनुमान रकमको ३ (तीन) प्रतिशत रकम रु. २७,२००।०० (सत्ताइस हजार दुईसय) जमानत वापत रा.बा.बैंक बेसीशहरबाट पचहत्तर दिनको मान्य अबधि रहेको बैंक जमानत-पत्र (बैंक ग्यारेन्टी) सिलबन्दी दरभाउ-पत्र साथ पेश गर्नुपर्नेछ ।

५. कुनै शर्त राखिएको, रित नपुगेको, हुलाकबाट पठाइएको, शिलबन्दी नगरेको, प्रतिलिपी प्रमाणित नगरिएको, दरभाउ-पत्र माथि कुनै कारबाही हुनेछैन ।

६. दरभाउ-पत्रमा दररेट उल्लेख गर्दा स्पष्ट बुझिने र केरमेट नगरी अंक अक्षर दुबैमा लेखिएको हुनुपर्नेछ ।

७. दरभाउ-पत्र खरिद गर्ने, दर्ता गर्ने, तथा खोल्ने दिन सार्वजनिक विदा परेमा सो कार्य लगतै कार्यालय खुलेको दिनमा गरिनेछ ।

८. विस्तृत जानकारीका लागि कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । साथै कार्यालयको फोन नं. ०६६-५२०१५० मा जानकारी लिन सकिनेछ ।

भीमप्रसाद तिवारी
प्रमुख प्रशासकीय अधिकृत